नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग
**जिल्ला वन कार्यालय,**
गोरखा

पत्र संख्या : ०७४/०७५
चलानी नम्बर :

फोन/फ्याक्स ०६४-४२०१३६
मिति: २०७४/१०/०५

व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने सम्वन्धि प्रस्ताव आह्वान सम्वन्धि सूचना !!!
*( अन्नपुर्ण पोष्ट दैनिक मा प्रथम पटक प्रकाशित मिति २०७४/१०/०४ गते )*

जिल्ला वन कार्यालय गोरखाको स्वीकृत पंचबर्षिय वन व्यवस्थापन योजना बमोजिम जिल्लाका तपसिल बमोजिमका राष्ट्रिय वन क्षेत्रहरु प्रचलित नियमानुसार व्यवसायिक कबुलियती वनको रुपमा प्रदान गर्न सकिने भएको हुदा ईच्छुक स्थापित संङ्गठित संस्था, उद्योग वा समुदायले प्रचलित कानुन बमोजिम कबुलियती वनको रुपमा लिन चाहेको वनको क्षेत्रफल, चारकिल्ला, उद्देश्य प्राप्त गर्नका लागि गरिने कार्यहरुको योजनावद्ध कार्यक्रम तोकिएका विवरणहरु र आर्थिक सम्भाव्यता प्रतिवेदन सहित तोकिएको ढाँचा (TOR )मा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा सिलवन्दी गरि प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्न सम्वन्धित सवैका जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१.सिलबन्दी प्रस्तावको कार्यसूचि (TOR ) रु १००० /- ( पछि फिर्ता नहुने गरी ) यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. सिलवन्दी प्रस्ताव दाखिला गर्दा आवेदन पत्र साथमा नेपाली नागरिकताको प्र.प.को छाँया प्रति, संस्था भएमा दर्ता प्रमाण पत्र तथा स्थायी लेखा नम्वर प्र प. प्रतिलिपी, र कर चुक्ता प्रमाण प्रतिलिपी, सम्वन्धित गा.पा वा वडा कार्यालयको सिफारिस सामुदायिक वन क्षेत्रको हकमा समुहको निर्णय सहित सिफारिस पत्र, राष्ट्रिय वन क्षेत्रको हकमा स्थानिय समुदाय/समुहको सहमति समेत पेश गर्नु पर्नेछ ।

३.व्यवसायिक कबुलियती वनको रुपमा उपलव्ध हुन सक्ने क्षतिग्रस्त राष्ट्रिय वन क्षेत्रहरु

| क.स | वनको नाम | ठेगाना | अनुमानित वनको क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| १ | नागेपोखरी | अजिरकोट गा.पा खरिबोट | १.० | |
| २ | धार्चे वन | सुलिकोट गा.पा. सौरपानी | २.० | |
| ३ | भुङ्गेलपाखा वन | शहिद लखन गा.पा. ताक्लुङ्ग | ८.० | |
| ४ | पश्चिमकाली पश्लाङ्ग | गोरखा न.पा. पश्लाङ्ग | २.० | |
| ५ | मन्जेडाँडा | सुलिकोट गा.पा. वारपाक | २.० | |
| ६ | कल्काङ्ग गुम्सीपाखा | धार्चे गा.पा. लाप्राक | ५.० | |

४.प्रस्ताव जिल्ला वन कार्यालय गोरखामा तोकिएको म्याद भित्र पेश गर्नु पर्नेछ ।

५.प्रस्तावमा व्यवसायिक कबुलियती वन लिन चाहेको उद्देश्य स्पष्ट पारी लेख्नु पर्नेछ ।

**६.प्रस्ताव पेश गर्नु पर्ने अन्तिम मिति :** २०७४ साल **फाल्गुन** ६ गते दिन को ठिक ५.० बजे भित्र

**७.प्रस्ताव खोल्ने मिति समय र स्थान :** यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०७४ साल **फाल्गुन** ८ गते दिन को ठिक २.० बजे भित्र जिल्ला वन कार्यालय गोरखा ।

८.माथि तोकिएको दिन कुनै सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समय र स्थानमा उल्लेखित कार्य हुनेछ ।

९.प्रस्ताव खोल्दाका वखतमा प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित हुनु पर्नेछ तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न सकिने छ ।

१०. यस सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र नभएकोमा प्रचलित ऐन नियम कार्यविधि र निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

११. कबुलियती वनको रुपमा उपयुक्त देखिएमा सवम्वन्धित सामुदायिक वन उपभोक्ता समुहको सहमति लिई वन क्षेत्र व्यवसायिक कबुलियती वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ ।

१२. अन्य कुराहरुको हकमा प्रचलित निती नियम,कानुन, निर्देशशिका र कार्यविधि बमोजिम हुनेछ ।

विस्तृत जानकारीका लागी यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ । सम्पर्क फोन नं. ०६४-४२०१३६